का.जि.प्र.का.द.नं. १००/०५९/६०
२१ असार २०७९,
मंगलबार
5 July 2022,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक १५० । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# अर्थमन्त्रीमाथि खनियो एमाले

करको दर हेरफेरको विषयलाई लिएर प्रमुख विपक्षी नेकपा एमाले अर्थमन्त्री जनार्दन शर्माविरुद्ध खनिएको छ । संघीय संसदबाट बजेट पारित भएर कार्यान्वयनमा जानै लाग्दा एमाले बजेटमा ब्यापारीका अनुहार देखा परेको भन्दै अर्थमन्त्री शर्मामाथि खनिएको छ । सडक प्रदर्शनमा पनि एमालेले चर्काएको छ ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २० असार ।

प्रतिनिधिसभामा एमालेले निरन्तर रुपमा अर्थमन्त्री जनार्दन शर्मामाथि प्रश्न उठाइरहेको छ । आफुहरुले उठाएको विषयलाई सरकारले कम वास्ता गरेपछि सोमबार प्रमुख विपक्षी नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले समय नै लिएर प्रतिनिधिसभामा सम्बोधन गरे । उनले अर्थमन्त्री शर्माले अनाधिकृत व्यक्तिबाट करको दर हेरफेर गराएको भनी यसबारे संसदीय छानबिन समिति गठन गरेर अध्ययन गरिनुपर्ने माग गरे । प्रश्न उठेपछि छानविन गरेर सत्य तथ्य के हो ? सार्वजनिक गरिनुपर्ने अन्यथा गलत नजिर बस्ने अध्यक्ष ओलीको चिन्ता छ ।

तर, सरकार अर्थमन्त्रीमाथि उठिरहेको प्रश्नमा बेखबर जस्तो रहेको उल्लेख गर्दै अध्यक्ष ओली प्रधानमन्त्री शेरबहादुर देउवालाई प्रश्न गर्छन्, 'संसदीय व्यवस्थामा मन्त्रीहरुबारेको विषयमा समेत प्रधानमन्त्री जवाफदेही हुन्छ। गठबन्धन जोगाए पुग्छ प्रधानमन्त्रीजीलाई। केही गर्न नसक्ने स्थितिमा पुग्नु भएको हो ?' अध्यक्ष ओलीले प्रधानमन्त्री देउवालाई आग्रह गरे, 'संसदीय छानविन समिति बनाऔं । छानविन हुनैपर्छ यस्ता विषयमा । बाहिरिया, बिचौलिया राखेर करका दर हेरफेर गर्ने विषय कल्पनै गर्न सकिँदैन् । यस्तो विषयमा प्रधानमन्त्री जवाफदेही हुनैपर्दैन ?'

खासगरी बजेट निर्माणको अघिल्लो दिन पूर्वनासुलाई बोलाएर अर्थमन्त्रीले विज्ञको रूपमा प्रस्तुत गरेको र दरहरू मनपरी फेरबदल गरिएको भनी सार्वजनिक रुपमा प्रश्न उठाइएपछि अर्थमन्त्री शर्मा नैतिक दबाबमा

– बाँकी पृष्ठ २ मा

# तत्काल एकता न्यून !





**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २० असार ।

नेकपा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले माओवादी केन्द्रसँग चुनाव अगावै एकता हुने सम्भावना नरहेको बताएका छन्। विभिन्न सञ्चारमाध्यममा आएको टिप्पणीलाई उल्लेख गर्दै उनले एमालेसँग चुनावी तालमेलको सम्भावना रहेपनि माओवादीसँग भने एकता सम्भव नभएको बताएका हुन् ।

'पार्टी एकता गर्नका लागि त पहिले विचार मिल्न पर्‍यो। सिद्धान्त मिल्नपर्‍यो। नीति मिल्नपर्‍यो। बाटो मिल्न पर्‍यो नि ?' अहिलेसम्म कुनै कुरा नमिलेको अवस्थामा माओवादीसँग पार्टी एकताबारेमा सोच्न पनि सकिँदैन' उनले भने । तर, एमालेसँग चुनावी तालमेल भने गरेर जानसक्ने अवस्था रहेको उनले बताएका छन् ।

– बाँकी पृष्ठ २ मा

मन्त्री हेरफेर

# उपेन्द्रको निर्णयमा बाबुरामको असन्तुष्टि

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २० असार ।

सोमबार नियुक्त भएका ३ मन्त्रीले पद तथा गोपनीयताको शपथ लिएका छन् । जनता समाजवादी पार्टीका तर्फबाट नवनियुक्त मन्त्रीहरु मोहम्मद इस्तियाक राई, मृगेन्द्रकुमार सिंह र प्रदीप यादवलाई राष्ट्रपति विद्यादेवी भण्डारीले शपथ गराइन् ।

मन्त्री हेरफेरसँगै जसपामा भने थप विवाद चुलिएको छ । जसपाका अध्यक्ष उपेन्द्र यादवले मन्त्रीहरु महिन्द्र राय यादव, रेणुकुमारी यादव र रामसहाय प्रसाद यादवलाई फिर्ता बोलाएर तीन जना नेतालाई मन्त्रिपरिषदमा पठाएका हुन्। जसपाले नेता संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजेन्द्र श्रेष्ठबाहेक अरु मन्त्रीलाई फिर्ता बोलाएको हो ।

उपेन्द्र यादवको यो निर्णयमा संघीय परिषद अध्यक्ष बाबुराम भट्टराई भने असन्तुष्ट रहेका छन्। भट्टराईले मन्त्री हेरफेर रोक्न प्रधानमन्त्री शेरबहादुर देउवालाई समेत आग्रह गरेका थिए। अध्यक्ष यादवले तीन मन्त्रीलाई फिर्ता बोलाएर नयाँ नाम पठाएपछि भट्टराईले त्यसलाई रोक्न खोजेका थिए, तर प्रधानमन्त्री देउवाले भट्टराईको आग्रह अस्वीकार गरिदिए ।

असन्तुष्ट भट्टराईले आफु पक्षीय विस्तारित बैठक नै बोलाएका छन्। यही असार २९ र ३० गतेका लागि काठमाडौंमा विस्तारित बैठक बोलाइएको भट्टराई पक्षयि नेता गंगा नारायण श्रेष्ठले जानकारी दिए । अध्यक्ष उपेन्द्र यादवले भने २७-२८ गतेका लागि वीरगञ्जमा केन्द्रीय समितिको बैठक बोलाएका छन्। त्यसको भोलिपल्ट भट्टराई पक्षले विस्तारित बैठक बोलाएका हुन् ।

# नक्कली म्यानपावर खोलेर झण्डै अढाई करोड ठगी

## विभागद्वारा मुद्दा दायर, ठगका मुख्य आरोपी भने फरार

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० असार

वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारको नाममा ठगी गर्ने ८ जनाविरुद्ध मुद्दा दायर गरेको छ । विभागले आकर्षक तलब र सुविधाको रोजगारीका लागि यूएईमा सुरक्षागार्डको रोजगारीमा पठाउँछु भन्दै ठगी गरेको अभियोगमा ८ जनाविरूद्ध हर्जनासहित २ करोड ३६ लाख रूपैयाँ बिगो दाबी गर्दै वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्दा दायर गरेको हो ।

उनीहरूले कमल बिकको नाममा वैदेशिक रोजगार कम्पनीसँग हुबहु मिल्दो नाम राखी कम्पनी रजिस्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दुई वटा कम्पनी खोली त्यसैको आवरणमा रकम असुली गरेको विभागको दाबी छ। एक्टिभ ईम्प्लाई सर्भिस प्रा.लि. र दि रोयल गोर्खा ओभरसिज प्रा.लि.को नाममा दुई वटा कम्पनी खडा गरेर यूएईमा सुरक्षागार्डको रोजगारीमा पठाउँछु भन्दै १ करोड ५८ लाख ३५ हजार रूपैयाँ ठगी गरेको विभागले वैदेशिक रोजगार न्यायाधिकरणमा दायर गरेको अभियोगपत्रमा उल्लेख छ।

विभागले सुरज गजुरेलसहित ८ जनाविरूद्ध हर्जानासहित २ करोड ३६ लाख रूपैयाँ भन्दा बढीको बिगो दाबी गरेको छ । विभागले एक्टिभ ईम्प्लाई सर्भिस प्रा.लि.का नामबाट कान्छा थिङसमेत ३ जनाबाट प्रतिव्यक्ति ८ लाखसम्म असुली गरी १४ लाख ३७ हजार र दि रोयल गोर्खा ओभरसिज प्रा.लि.का नामबाट प्रदीप तामाङ र गजुरेलसहित ६ जनाले केशव आचार्यसहित ३६ जनाबाट १ करोड ४३ लाख ९८ हजार ठगी गरेको दाबी गरेको छ । दुबै कम्पनीका सञ्चालक कमल बिक भने पक्राउ परेका छैनन् । विभागले बिकलाई पनि प्रतिवादी बनाएको छ ।

विभागले वैदेशिक रोजगारमा व्यक्तिगतरूपमा भएको ठगीविरूद्ध मुद्दा दायरा गर्ने क्रमलाई तिव्रता दिएको छ । यसअघि विभागले युरोपका विभिन्न मुलुकमा वैदेशिक रोजगारमा लैजाने भन्दै ठूलो परिमाणको रकम ठगी गरेको आरोपमा अर्को एक शैक्षिक कन्सल्ट्यान्सी सञ्चालकविरूद्ध ४ करोड

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## भिजन एण्ड भ्यालु ओभरसिजद्वारा रक्तदान कार्यक्रम




**काठमाडौं/मस–** वैदेशिक रोजगार क्षेत्रको अग्रणी संस्था मध्ये एक भिजन एण्ड भ्यालु ओभरसिज प्रा.लि.को आयोजनामा सोमबार रक्तदान कार्यक्रम सम्पन्न भएको छ। राजधानीका अस्पतालहरुमा रगतको अभाव देखिएकाले त्यसलाई परिपूर्ति गर्न नेपाल रेडक्रस सोसाईटीको संयोजनमा रक्तदान कार्यक्रम गरिएको उक्त प्रा.लि.का सञ्चालक पदमराज पौडेलले मध्यान्हलाई जानकारी दिए ।

– बाँकी पृष्ठ २ मा


## अफिस डेकोरेशन बिक्रिमा

सिनामंगल होप हस्पिटल नजिकमा रहेको सहकारी, मेनपावर, कन्सलटेन्सी आदिलाई उपयुक्त दोस्रो तल्लामा भएको Fully Furnished सहितको अफिस बिक्रिमा भएकोले तुरुन्त सम्पर्क गर्नुहोला ।

मुल्य आपसि समझदारीमा तय गरिने छ ।

सम्पर्क : ९८६०६५४१७९

## Vacancy Announcement

One of the reputed recruitment agency is seeking for following applicants.

Office Secretary : 1 Female

*Requirements: Have computer knowledge & fluent in English.*

Documentation officer : 1 Female

**Meridian Overseas Pvt. Ltd.**
Basundhara Chowk, Kathmandu
Contact No.: 01-4390463, 01-4390464, 9851133278
Email: andmeridian@gmail.com

## कुवेतमा रोजगारको अवसर

कम्पनी: THE BRIDGE GEN.TRADE.&CONT.CO.
शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०७९/०२/१० चलानी नं.: ६०१७९६९१ LT. No.:263317 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 10 | 0 | स. काममा दक्ष | 90 | ३७,०२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Clerk | 5 | 0 | | 160 | ६५,८२५ | | | | | | | |
| 3. | Cook | 10 | 0 | | 145 | ५९,६५४ | | | | | | | |
| 4. | Diesel Mechanic | 5 | 0 | | 140 | ५७,५९७ | | | | | | | |
| 5. | Dishwasher | 15 | 0 | | 90 | ३७,०२६ | | | | | | | |
| 6. | Heavy Vehicle Driver | 60 | 0 | | 170 | ६९,९३९ | | | | | | | |
| 7. | Room Attendant (Indoor) | 0 | 20 | | 95 | ३९,०८३ | | | | | | | |
| 8. | Storekeeper | 5 | 0 | | 130 | ५३,४८३ | | | | | | | |
| 9. | Technician | 10 | 0 | | 130 | ५३,४८३ | | | | | | | |
| 10. | Waiter | 15 | 0 | | 115 | ४७,३१२ | | | | | | | |
| 11. | Watchman (Indoor) | 20 | 0 | | 90 | ३७,०२६ | | | | | | | |

यसै कम्पनीको लागि Draftsman, ESH Supervisor, Hazadous WAste Specialist, Health Systems Specialist Heavy Equipment Mechanic (Recovery Vehicle Operator), ICE Plant Technician, LMR Specialist, Locksmith, Machinist, Marketing Specialist, Marketing Lead, Medical Courier ( Motor Vehicle Operator), MHE Lead, Pest Controller, Trannig Coordinator Warranty Coordinator Water Compliance Technical Monitor, Production Foreman ( Ice Services), Quality Auditor, Quality Auditor II, Recycling Kead, Repair & Utilities (R&U) Inspector, RTCH Operator, System Process Analyst, Truck Driver Heavy, Videographer, Wastewater Compliance Specialist, Wastewater Systems Operator/Repairman, Water Compliance Specialist and Welder को पनि माग भएकोले निःशुल्क परामर्शको लागि मेनपावर कार्यालय सिनामंगल, काठमाडौंमा सम्पर्क गर्नुहोला ।

नोटः मिति २०७९ असार १८ गते (2 July 2022) देखि डकुमेन्ट्सहरू धमाधम संकलन मेनपावर कार्यालयमा भईरहेको छ ।

अन्तिम अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असार २३ (7 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

AJEETS
श्रम ई. पत्र नं.: ३७४/०५९/०६०

**Ajeets Management and Development Company Pvt. Ltd.**
Tara Hall Chowk , Sinamangal -9, Kathmandu
Phone : 014579390, 4579391
E-mail : nepalajeets@gmail.com

## फ्रि भिषा, फ्रि टिकट र शुन्य लागतमा यूएई मा रोजगार
## FREE VISA, FREE TICKET, ZERO COST RECRUITMENT in UAE

GECO MECHANICAL & ELECTRICAL LTD. CO.

१. कम्पनी: GECO MECHANICAL & ELECTRICAL LTD.
शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०७९/०३/२० चलानी नं.: ६०१८२४८७ LT. No.:266468

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 40 | 0 | स. काममा दक्ष | 800 | २७,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: GECO INTEGRATED SECURITY SERVICES L.L.C. शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०७९/०३/२० चलानी नं.: ६०१८२४८८ LT. No.:266467

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 35 | 0 | स. काममा दक्ष | 1800 | ६१,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २८ र २९ गते (12 &13 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

RAJ GROUP OF COMPANIES
License No.:1245/074/075

**Raj Group Of Company Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

## MALAYSIA मा वैदेशिक रोजगारको अवसर

कम्पनी: MEIKA FOOD INDUSTRIES SDN.BHD. शहर: Selangor Darul Ehsan
पूर्व स्वीकृत मिति: २०७९/०३/२० चलानी नं.: ६०१८२४३९ LT. No.: 266444

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 7 | 3 | स. काममा दक्ष | 1500 | ४२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २८ देखि ३१ गते सम्म (12 to 15 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– रोजगारदाताले तिर्ने | रु. १,५००/– रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064

**SHARON MANPOWER SERVICES PVT. LTD.**
P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957
Mobile: 9851038901, 9841669457, 9818550053, 9861415480, 9801026390

# रासायनिक मल अभावबारे सरकारको ध्यानाकर्षण

काठमाडौं/मस- संघीय संसद्, राष्ट्रियसभाका सांसदहरुले रासायनिक मलको अभावबारे किसानले भोग्दै आएका समस्या सम्बन्धमा सरकारको ध्यानाकर्षण गराएका छन् । सभाको सोमबारको बैठकको विशेष समयमा सांसद अनिता देवकोटाले असारे बजेट सक्न अव्यवस्थित ढङ्गबाट खर्च गरिएको भन्दै आपत्ति जनाइन् ।



उनले भनिन्, 'बजेट फ्रिज हुने बहानामा योजनामा असारमा मात्रै खर्च गर्ने जुन परिपाटी छ, त्यसले विकासको गतिलाई तीव्रता दिन सक्दैन, विकास दिगो हुन सक्दैन, आगामी वर्षमा बजेट फ्रिज हुनेबारे अब अहिलेदेखि नै सोच्नुपर्छ ।' किसानका लागि अभाव भएको मलको व्यवस्थापन गर्नुपर्ने उनको माग छ । सांसद भैरवसुन्दर श्रेष्ठले रासायनिक मलको अभावका कारण किसान चिन्तामा रहेको बताउँदै जतिसक्दो चाँडो मल व्यवस्थापनमा लाग्न सरकारको ध्यानाकर्षण गराए ।


सांसद गोपीबहादुर सार्की अछामीले मोरङ जिल्लाका विभिन्न स्थानमा वर्षा र बाढीका कारण भएको क्षतिका बारेमा सरकारको ध्यानाकर्षण गराउँदै अनावश्यक नदी कटानलाई रोक्न नदी ऐनको व्यवस्था गर्नुपर्ने माग गरे । निजामती ऐन ल्याउन ढिला भएका कारण स्थानीय तहमा अनावश्यक कर्मचारी भर्ना गर्ने काम गरिएको भन्दै जतिसक्दो चाँडो ऐन ल्याउनुपर्ने माग गरे ।

सांसद उदयबहादुर बोहराले संघीयतालाई सबल बनाउन संघले प्रदेश र स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनुपर्नेमा जोड दिँदै देशमा बढ्दै गएको हत्या, हिंसा, महँगी, बेरोजगारीको समस्या समाधान गर्नुपर्ने बताए । उनले राप्ती राजमार्गमा पटकपटक बजेटको व्यवस्था भए पनि सडक निर्माणको काम हुन नसकेको भन्दै सरकारको ध्यानाकर्षण गराए ।

सांसद शेखरकुमार सिंहले भने, 'कृषिप्रधान मुलुकमा किसानले खेती गरिरहेको समयमा मल पाएको छैन, सरकारलाई कुनै चासो छैन ।' सरकारले एमबिबिएस कोटा घटाएको भन्दै त्यसको विरोध गरे । जतिसक्दो चाँडो नागरिकता ऐन ल्याउनुपर्ने उनको भनाइ छ ।

सांसद प्रकाश पन्तले सामुदायिक क्याम्पसको सुधारका सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउँदै रोजगार मूलक शिक्षाको आवश्यकता औँल्याए । सांसद खिमलाल देवकोटाले कास्कीस्थित फेवातालको अतिक्रमण रोक्नुपर्नेमा जोड दिए । सांसद भुवनबहादुर सुनारले भूमिहिन सुकुम्बासीलाई जमिनको व्यवस्था गर्नुपर्ने माग गरे ।

# स्वदेश फर्किए प्रधानसेनापति



**काठमाडौं/मस-** अमेरिकाको भ्रमण पूरा गरी स्वदेश फर्किएका प्रधानसेनापति प्रभुराम शर्मालाई जंगीअड्डामा औपचारिक रुपमा स्वागत गरिएको छ । प्रधानसेनापति शर्मा आइतबार स्वदेश फर्किए पनि सोमबार औपचारिक रुपमा जंगीअड्डा स्वागत गरिएको हो ।

लेवनान, सिरिया, अमेरिका तथा राष्ट्रसंघीय मुख्यालयको दुई साता लामो भ्रमण पूरा गरी स्वदेश फर्किएका उनलाई सोमबार बिहान सैनिक मुख्यालय जंगीअड्डामा सेनाको गार्ड अफ अनरसहित स्वागत गरिएको हो ।

भ्रमणका क्रममा प्रधानसेनापति शर्माले अमेरिकी रक्षा मन्त्रालयका अधिकारी र अमेरिकी उच्च सैनिक अधिकारी तथा न्युयोर्कमा संयुक्त राष्ट्रसंघका उच्च अधिकारीहरूसँग भेटवार्ता गरेका थिए ।

# काठमाडौंका भित्री सडकमा खाल्डैखाल्डा



**काठमाडौं/रासस-** काठमाडौं-३२ का सुमन अधिकारी सडकमा रहेको हिलो आफ्नो पसल भित्रै पस्दा हैरान छन् । केही दिन पहिले मात्रै खानेपानीका लागि भन्दै सडक खनिएकामा अझै राम्रोसँग पुरिइसकेको छैन । वर्षाको समय सडक हिलाम्मे हुँदा सडकमा सवारी साधनले हिलो छ्याप्ने गरेको उनले बताए । साँझमा सामान्य सडक आफू बिहान उठ्दासम्म खनिसकेको अधिकारीले बताए । उनले भने, 'बिहान गाडी र मोटरसाइकलसमेत निकाल्न नसक्नेगरी खनिएको रहेछ ।'

वर्षाका समयमा सडक खन्न नहुने भन्दै कतिपय स्थानीयवासीले विरोध गरे पनि नरेफाँट क्षेत्रमा अहिले धमाधम सडक खनिरहेको देख्न सकिन्छ । एकातिर ढल निकास छैन भने अर्कातिर वर्षाको समयमा सडक खनेकाले भित्री सडक अस्तव्यस्त बनेको छ ।

सङ्घीय सरकारले केही वर्षयता मुख्य सडक सबैतिर कालोपत्र थप्ने काम गरिरहँदा भित्री सडकमा भने खाल्डा भएको हो । कामपा वडा नं १० शङ्खमूल क्षेत्रमा सहजरुपमा आवागमन गर्ने अवस्था नरहेको स्थानीय नीता शर्माले गुनासो गरिन् । शर्माका अनुसार धेरै ठाउँमा खाल्डा भएकाले बालबालिका विद्यालय जाँदा वा फर्कंदा पानी छ्याप्ने गर्छ । आफूले काम परेर निस्कँदा पनि हैरान भएर फर्कने गरेको उनले बताइन् । उनले भनिन्, 'पानी नपरेको दिन जेनतेन हिँडे पनि पानी परेको समयमा बाटो परिवर्तन गरेर लामो बाटो हिँड्नु पर्नेछ ।'

त्यसैगरी कामपाको वडा नं १८ स्थित दमाईंटोलमा धेरै ठाउँमा खाल्डैखाल्डा भएको छ । यस वर्ष असार लागेसँगै नियमित पानी परिरहेको छ । वर्षा पहिले नै सडकमा खाल्डा परेको भए पनि पुरिएको थिएन । अहिले वर्षाका कारण सडकमा धेरै ठाउँमा र पहिलेभन्दा ठूलाठूला खाल्डो परेको स्थानीय विगुल कपालीले भने ।

उनका अनुसार सडकमा भएको खाल्डा र त्यसका कारण स्थानीयलाई परेको प्रभावका कारण वडा कार्यलयमा जानकारी गराइसकेको छ । वडाका प्रतिनिधिले महानगरमा जानकारी गराएमा खाल्डा पुरिँने स्थानीयवासीको अपेक्षा छ ।

काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) ले नयाँ पाइप खन्ने र नेपाल विद्युत् प्राधिकरणले तार अण्डर ग्राउण्ड गर्दा काठमाडौं महानगरका भित्रि सडक खाल्डैखाल्डा भएको छ । वर्षाको समयमा सडक खनिँदा हिलोका कारण पैदलयात्रु र सवारी चालक दुवैलाई यात्रा गर्न गाह्रो भएको छ । राम्रो बाटो अहिले बिग्रेको र पहिले बिगारेको सडक पनि अझैसम्म नबनाउँदा वर्षाको समयमा नागरिकले दुःख पाइरहेका छन् । सडक खन्नुमा आफ्नो कमजोरी नभए पनि महानगरवासीको अनावश्यक गुनासो सुन्नुपरेको महानगरले जनाएको छ ।

महानगरपालिका प्रमुखमा बालेन्द्र शाह (बालेन) निर्वाचित भएपछि प्राधिकरण र लिमिटेड दुवैसँग यस विषयमा छलफल भएको महानगरका भौतिक पूर्वाधार शाखाका प्रमुख राम थापाले बताए । नगर प्रमुखको कार्यकक्षमा बैठक भएपछि पनि दुई पटकसम्म पत्राचार गरिएको र पटकपटक मौखिम भनिएको उनले बताए । बैठकमा र कुराकानीमा काम चाँडो गर्ने भने पनि ढिलाइ भइरहेको उनले बताए ।

खनिएको सडक नबनाउँदा अरु सडक बिग्रने प्रमुख थापाले बताए । सडक खनेको समयमा मर्मत नहुँदा महानगरवासीले दुःख पाउने गरेका छन् । प्राधिकरणलाई विद्युत् नआउँदा वा लिमिटेडलाई पानी नआउँदा गुनासो गर्ने भए पनि सडकमा खाल्डा हुँदा महानगरलाई नै गुनासो गर्ने उनले बताए ।

सडक जसले बिगाऱ्यो उसले बनाउनुपर्ने समझदारीपत्रमा उल्लेख भए पनि खन्ने निकायले मर्मत गर्न ढिलाइ गर्दा महानगरवासीले हैरानी भोग्न परेको हो । समयमा सडक नबनाउँदा वर्षाको पानीले थप बिग्रिरहेको प्रमुख थापाले बताए । बिगार्ने निकायले जति क्षेत्रफल बिगारेको हो त्यसमा मात्रै मर्मत गर्ने भए पनि समयमा मर्मत नहुँदा त्यसले थप ठाउँ बिगार्छ ।

सडक खन्नका लागि बालुवाटार, लाजिम्पाट, कलङ्की, डल्लुलगायतका स्थानमा मात्रै अनुमति दिइएको भए पनि अहिले धेरै स्थानमा खनिरहेको पाइएको छ । पुस र माघमा नै ती ठाउँमा वैशाख, जेठभित्रै काम सकाउने भने पनि अहिले पनि खनिरहेको देख्न सकिन्छ । उनले भने, 'पानी, बत्तीका लागि भनेपछि स्वीकृति पनि दिनुपऱ्यो, तर सम्झौताअनुसार काम हुँदैन ।'

गोङ्गबु, सामाखुसी, नयाँ बजारलगायतका स्थानमा सहमति नदिए पनि धमाधम सडक खन्ने काम भइरहेको देख्न सकिन्छ । महानगरले स्वीकृति नै नदिएका धेरै ठाउँमा खनेको प्रमुख थापाले बताए । स्वीकृति दिएको ठाउँमा त सडक समयमा बनाएको छैन भने स्वीकृति नै नदिइएको ठाउँमा महानगरले केही गर्न सक्दैन ।

महानगरपालिकाको वर्षामा दुई महिना खन्न नदिने नीति रहेको छ । यो समयमा सहमति र स्वीकृति नदिने गरिएको भए पनि पहिले दिइएको सहमतिका आधारमा खनिरहेको उनले बताए ।

सामान्यतया सबैतिरका सडकमा वर्षाका समयमा खाल्डाखुल्डी बढी देखिन्छ । पानी जम्दा गाडीको चक्काले उछिटेर झन बढी खाल्डा हुनेहुँदा महानगरले त्यसका लागि एक महिनादेखि कन्सट्रक्सन एम्बुलेन्स सञ्चालन गरिरहेको छ । यहीबीचमा खाल्डाखुल्डी पुरिएको र कतिपय ठाउँमा काम भइरहेको उनले बताए । 'कन्स्ट्रक्सन एम्बुलेन्स' मा दुई एम्बुलेन्स र १० जना जनशक्ति मात्रै भए पनि एकैपटक धेरैतिरबाट माग भइरहेको प्रमुख थापाले बताए । यसरी खाल्डा पुर्ने काम एउटै ठाउँमा नभएर ठाउँठाउँमा हुने भएकाले बढी समय लागेको उनले बताए । स-सानो कामलाई मिलाएर गर्नुपर्ने र सडकमा सवारीसाधन पनि व्यवस्थापन गर्नुपर्ने हुँदा बढी समय लाग्ने उनले बताए । बिहान, बेलुका र दिउँसो ३२ वटै वडामा काम भइरहेको छ । उनले भने, 'एकैपटक नभ्याए पनि गुनासोका आधारमा गरिरहेको छौँ, गुनासो र हामीले गर्ने कामको सन्तुलन अझै मिल्न सकेको छैन ।'

समयसमयमा सडक खनेको लामो समयसम्म नपुर्ने गर्दा महानगरवासी कामपालाई नै गुनासो गर्छन् । कुनैकुनै ठाउँमा एउटै ठेक्कामा खन्ने, पुर्नेदेखि कालोपत्रसम्मको हुन्छ । त्यस्तोमा महानगरले कानुनीरुपमा पनि काम गर्न मिल्दैन । तर खन्ने र पुर्ने मात्रै गरी सम्झौता भएको र लामो समयसम्म काम नभएको पाइएमा आफैँले पनि पुर्ने गरिएको उनले बताए ।

**कालोपत्र गरेको दुई महिनामै भत्कियो सडक**

भत्केर वर्षामा हिलाम्ये र हिउँदमा धुलाम्ये हुँदै आएको सडक निर्माणका लागि ठेक्का भएको सात वर्षपछि कालोपत्र भयो । कालोपत्र भएको दुई महिनापछि कतै सडक आफैँ भत्किन थाल्यो भने कतै भने पाइप, ढल एवं नेपाल टेलिकमको तार भूमिगत गर्न खन्न थाल्दा भत्कियो । यस्तो दृश्य अहिले जोरपाटी-गोकर्ण-सुन्दरीजल सडकको गोकर्ण-नयाँपाटी खण्डमा देखिन्छ । कालोपत्र भएको दुई महिनामै कतै भत्कने र कतै भत्काइएको देख्दा नेपालको विकासको दुर्दशा हेरेर बसिरहन परेको स्थानीय ईश्वर श्रेष्ठले बताए । सडक ठेक्का भएको सात वर्षसम्म खानेपानीको पाइप नबिच्छ्याउने र तार भूमिगत नगर्ने तर सडक कालोपत्र हुनेबित्तिकै यी काम थालिएको छ ।

कालोपत्र भएको सडक दुई महिनामै भत्कँदा फेरि खाल्डाखुल्डी हुने, पानी जम्ने र धुलो उड्ने समस्या दोहोरिएको छ । यो समस्याबाट एक दशकसम्म दुःख पाएका स्थानीयवासी र यात्रु फेरि समस्यामा पर्ने भएका छन् । गोकर्णेश्वर नगरपालिका वडा नं ४ का अध्यक्ष जयराम महतले भत्काइएको सडक निर्माण व्यवसायीले बनाउने प्रतिबद्धता जनाएको बताए ।

नेपाल टेलिकमले सडक कालोपत्र भएपछि खन्न थालेको, काठमाडौं उपत्यका खानेपानी लिमिटेड र नेपाल विद्युत् प्राधिकरण पनि सडक बन्नुअघि काम गर्न नआउने र बनिसक्नेबित्तिकै खन्न आउँदा सडकमा फेरि खाल्डाखुल्डी हुने, पानी जम्ने र धुलो उड्ने समस्या दोहोरिएको उनको गुनासो छ ।

# जिल्ला अस्पतालले पाएन स्वास्थ्य बीमाको रकम




**लमजुङ/मस-** लमजुङ जिल्ला अस्पतालमा स्वास्थ्य बीमा गरेका बिरामीहरूको उपचार बापत करिब एक करोड रुपैयाँ भुक्तानी नहुँदा समस्या भएको अस्पतालले जनाएको छ । स्वास्थ्य बीमा गरेका व्यक्तिहरूको उपचार गरेबापत ९८ लाख चार हजार दुई सय ५३ रुपैयाँ भुक्तानी हुन बाँकी रहेको हो ।

गत आर्थिक वर्षको जेठ महिनाबाट शुरु भएको स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत जिल्लामा नौ हजार सात सय ७६ जनाले जिल्ला अस्पतालमा उपचार सेवा लिएका हुन् । स्वास्थ्य बीमा गरेकाहरूको उपचारमा एक करोड ४२ लाख ४० हजार तीन सय ४९ रुपैयाँ खर्च भएको अस्पतालले जनाएको छ । सो माध्ये हालसम्म ४४ लाख ३६ हजार ९५ रुपैयाँ मात्रै पाएको अस्पताल प्रशासन प्रमुख हेमन्त श्रेष्ठले जानकारी दिए । सरकारले अघिल्लो आर्थिक वर्षदेखिनै सामाजिक न्यायमा आधारित स्वास्थ्य बीमा कार्यक्रम सुरु गरेको हो । कार्यक्रम शुरु भएसँगै जिल्लामा १४ हजार बढीले स्वास्थ्य बीमा गरेको पाइएको छ । नेपाली नागरिकहरूलाई स्वास्थ्य सेवामा सहज पहुँच पुऱ्याउने उद्देश्यले सरकारले स्वास्थ्य बीमा कार्यक्रम सुरु गरेसँगै नौ हजार भन्दा बढीले सोही सेवाअन्तर्गत उपचार गराएका हुन् ।

सरकारको नीति र निर्देशन अनुसार बिमितहरूको उपचार सेवा दिए पनि सम्बन्धित निकायले लामो समयसम्म रकम उपलब्ध नगराउँदा समस्या भएको अस्पताल प्रमुख श्रेष्ठको भनाइ छ । बिमितहरूको उपचार बापतको रकम स्वास्थ्य बीमा बोर्डले उपलब्ध गराउनुपर्ने भए पनि पटक पटक पहल गर्दासमेत रकम उपलब्ध नभएको अस्पताल प्रमुख श्रेष्ठको भनाई छ ।

समयमै रकम उपलब्ध नगराउँदा सेवा प्रवाहमा समस्या भएको अस्पतालले जनाएको छ । सरकारको लोकप्रिय कार्यक्रम भए पनि सम्बन्धित निकाय जिम्मेवार नबन्दा दीर्घकालीन प्रभाव पर्ने अस्पतालको बुझाई छ । गत वर्षबाट मात्रै शुरु भएको यस कार्यक्रमका लागि जिल्लाका ७५ वटै वडा मार्फत जनशक्ति परिचालन गरी स्वास्थ्य बीमा अभियान कार्यान्वयनमा आएको हो । स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत जिल्लामा करिब सात हजार परिवार सहभागी भएको पाइएको छ । सरकारले नागरिकको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच र उपयोगमा सुधार ल्याई स्वास्थ्य बीमाका आधारमा सबैको स्वास्थ्य सेवा सुनिश्चित गर्ने राष्ट्रिय स्वास्थ्य बीमा नीति वि.सं. २०७१ को दीर्घकालीन लक्ष्य अनुसार कार्यक्रम अघि बढाएको हो ।

स्वास्थ्य बीमा गर्नका लागि पाँच जनासम्मको परिवारले वार्षिक तीन हजार ५०० र पाँच जनाभन्दा बढी सदस्य भएमा प्रतिसदस्यको थप ७०० बीमा रकम तिर्नुपर्ने व्यवस्था छ । स्वास्थ्य बीमा गरेमा सरकारले निःशुल्क प्रदान गर्ने सेवासँगै बहिरङ्ग, अन्तरङ्ग र आकस्मिक कक्षबाट प्रदान गरिने सेवा, स्वास्थ्य बीमा कार्यक्रमले तोकेका निदानात्मक र परीक्षण सेवा पनि पाउने छन् ।

त्यस्तै पाँच जनाको परिवारले आवश्यक पर्दा वार्षिक रु एक लाख र पाँच जनाभन्दा बढी सदस्य भएका परिवारले प्रति थप सदस्य २० हजार थप गरी दुई लाखसम्मको स्वास्थ्य सेवा उपभोग गर्न पाउने व्यवस्था पनि रहेको छ ।

कुनै पनि परिवारमा पाँच जनाले स्वास्थ्य बीमा गरेका छन् भने पाँचवटै कार्ड तथा परिचय पत्र स्वास्थ्य बीमाले उपलब्ध गराउने छ । उक्त परिचय पत्रको आधारमा नै बिरामी पश्चात् तोकिएको रकम बराबरको सेवा लिन सकिने व्यवस्था छ ।

# आर्थिक रुपान्तरणमा युवाशक्तिलाई उपयोग गर्नुपर्ने

**काठमाडौं/मस-** जिल्ला युवा समितिले मुलुकको सामाजिक तथा आर्थिक रुपान्तरणमा युवाशक्तिलाई उपयोग गर्नुपर्नेमा जोड दिइएको छ । बागमती प्रदेश युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत रहेको युवा परिषद्को सहकार्यमा सामेबार काठमाडौंमा आयोजित कार्यक्रममा समाज परिवर्तनको मेरुदण्डका रुपमा रहेका युवालाई केन्द्रित गरी उद्यमशीलताको विकास गर्नुपर्नेमा सहभागीले सुझाए ।


बागमती प्रदेश उद्योग, पर्यटन तथा वातावरण समितिका सभापति रमा आले मगरले युवालाई नीति निर्माणदेखि नेतृत्वदायी भूमिकामा ल्याउन राजनीतिक दलहरूले भूमिका खेल्नुपर्ने बताए ।

उनले निश्चित उमेर समूहका युवालाई उचित व्यवस्थापनका साथै सही मार्गनिर्देशन गर्नुपर्ने बताउँदै सरकारले युवा उद्यमशीलताका क्षेत्रमा लगानी बढाउनुपर्ने बताए ।

नेपाल रेडक्रसका कार्यकारी निर्देशक उमेश ढकाल, नेपाल पत्रकार महासङ्घ केन्द्रीय आम सञ्चार तथा प्राज्ञिक विभागका सदस्य कृष्णराज गौतम, नेपाल स्काउटको प्रशिक्षक सन्तोष गिरीलगायतले युवालाई आर्थिक, सामाजिक, उद्यमीशील, स्वास्थ्य एवम् खेलक्षेत्रमा थप सशक्त बनाउनुपर्नेमा जोड दिए ।

काठमाडौं जिल्ला युवा समितिका अध्यक्ष रुपा थापा मगरले मुलुकको समृद्धिका लागि युवालाई आर्थिक सशक्तिकरण गर्नुपर्ने बताउँदै त्यसका लागि आवश्यक कार्ययोजना बनाई कार्यान्वयन गरिने बताए ।

## सभापति झालाई पितृशोक



रौतहट/मस-नेपाल पत्रकार महासंघ रौतहट शाखाका सभापति प्रेमचन्द्र झालाई पितृशोक परेको छ । सभापति झाका पिता युगल किशोर झाको ८१ वर्षको उमेरमा सोमबार निधन भएको हो । उपचारका लागि वीरगन्जतर्फ लग्दै गर्दा झाको सोमबार साँझ बाटैमा निधन भएको हो । स्वर्गीय झाका दुई छोरा छन् ।

### तत्काल...

'हामी एमालेसँग आगामी चुनावमा गठबन्धन गरेर जान तयार छौं । त्यसका लागि उहाँहरू तयार हुनुपर्यो । एमाले पनि वामपन्थी समूह हो । हामी पनि वामपन्थी समूह नै हो । गठबन्धन बनाएर जाँदा कुनै समस्या नै हुँदैन' उनले भने । वामपन्थी एकताका लागि आफ्नो तर्फबाट सदैव पहल भएपनि माओवादीसँगको एकता भने सम्भव नरहेको उनको भनाई छ ।

तर, आइतबार मात्रै ललितपुरको सातदोबाटोस्थित एक घरमा तत्कालिन नेकपाका पाँच जना सचिवालय सदस्यहरु नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नारायणकाजी श्रेष्ठ, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र नेता झलनाथ खनाल र भर्खरै नेकपा एकता राष्ट्रिय अभियान खोलेर त्यसको संयोजक बनेका वामदेव गौमतबीच भेटवार्ता भएको थियो ।

'छलफलमा सकेसम्म चुनावअघि नै दुई पार्टीबीच एकता गर्ने, एकता सम्भव भएन भने संयोजन समिति बनाएर अघि बढ्ने भन्ने कुरा भएको छ', श्रेष्ठले बताएका छन् । उनले चुनावअघि दुई पार्टीको एकता गर्ने विषयमा गम्भीर छलफल भएको पनि जिकिर गरे ।

तर, नेकपा एकीकृत समाजवादी निकट एक केन्द्रीय सदस्यले भने आगामी चुनावमा एउटै मोर्चा बनाएर जाने विषयमा छलफल भईरहेको बताएका छन् । 'प्रदेश र संघको चुनावमा वामपन्थी दलको एउटै मोर्चा बनाएर जानेबारे छलफल भईरहेको छ, अब छिट्टै एउटा मोर्चा तयार हुन्छ होला,' उनले भने । साथै पार्टी एकताका विषयमा पनि केही सकारात्मक छलफल भएपनि तत्कालै एकताको सम्भावना भने नरहेको उनी बताउँछन् । नेकपा माओवादी केन्द्रका अध्यक्ष दाहालले केन्द्रीय कमिटीमा पेश गरेको प्रतिवेदनमा एकताको सम्भावना देखिएपनि एकीकृत समाजवादीको केन्द्रीय परिषद्ले भने उक्त निर्णय गरेको छैन । तर, पटकपटक वामपन्थी एकताको रटान लगाउँदै आएका नेताहरु एजेण्डा र भागबण्डा नमिल्दासम्म मिलिहाल्ने छाँटकाँट भने देखिदैँन ।

### अर्थमन्त्रीमाथि...

छन् । अर्थमन्त्री शर्माको विषयमा नैतिक प्रश्न उठेपछि प्रधानमन्त्री र शर्मा रहेको दल माओवादी केन्द्रभित्रै पनि दबाब परेको छ । सरकारको नेतृत्वकर्ता दल नेपाली कांग्रेसका महामन्त्री गगन थापाले समेत अर्थमन्त्री शर्मामाथि दबाब पुग्ने गरी अभिव्यक्ति दिएका छन् । सोमबार प्रतिनिधि सभाको बैठकपछि सञ्चारकर्मीहरुलाई कुरा गर्दै उनले अर्थमन्त्रीमाथि संसद भित्र र बाहिर प्रश्न उठेकाले राजीनामा दिनुपर्ने बताएका हुन् । अर्थमन्त्रीले स्वेच्छाले राजीनामा नदिए प्रधानमन्त्रीले हटाएर तत्काल छानबिन गर्नुपर्ने उनको सुझाव छ ।

महामन्त्री थापा भन्छन्, 'अहिले अर्थ मन्त्रालयले सीसीटीभी फुटेज जम्मा १३ दिनको छ भनेर भनिसके पछाडि मलाई के लाग्छ भने तत्काल प्रधानमन्त्रीले यसका बारेमा एउटा एक्सनमा जानुपर्छ । यत्रो विषय संसदमा उठ्यो । बाहिर उठ्यो । हो, होइन मलाई थाहा छैन । तर यो विषय उठिसकेपछि मैले बुझेको कि अर्थमन्त्रीजीले अहिले राजीनामा दिनुपर्छ । कि प्रधानमन्त्रीजीले उहाँलाई अहिले हटाउनु पर्छ । र तत्काल छानबिन गर्नुपर्छ ।'

कम्तीमा तीन महिनासम्मको सीसीटीभी फुटेज सुरक्षित राख्नुपर्ने नियम रहेको तर अर्थ मन्त्रालयले त्यो नियम पनि नमानेको उल्लेख गर्दै उनले अर्थमन्त्री जनार्दन शर्मामाथि बजेट निर्माणमा अनधिकृत व्यक्ति सहभागी गराएको र करको दर हेरफेर गराएको आरोप लागेकोबारे माग भए अनुसार संसदीय छानबिन गर्नुपर्ने स्वभाविक रहेको बताए । 'अब यो उठ्यो, यत्तिकै गयो भनेर हुँदैन । यस्तो गऱ्यौं भने अत्यन्त यसको एउटा नजिर बस्छ । र जे गरेपनि हुन्छ भन्ने कुरा रहन्छ' उनले भने ।

### नक्कली...

भन्दा बढी बिगो असुलीको माग गर्दै वैदेशिक रोजगार न्यायाधिकरण मुद्दा दायर गरेको थियो ।

विभागले दायर गरेको मुद्दामा देखिएको तथ्यले कम्पनी रजिस्ट्रारको कार्यालयमा म्यानपावर कम्पनीसँग नाम मिल्ने कम्पनी दर्ता गरी कम्पनीको नाममा रकम उठाउने संगठित गिरोह सक्रिय रहेको देखाएको छ ।

### भिजन...

म्यानपावरका सञ्चालक पौडेलले संस्थाको सामाजिक उत्तरदायित्व जिम्मेवारी अन्तर्गत रक्तदान कार्यक्रम आयोजना गर्ने गरिएको बताए । प्रा.लि.को आयोजनामा केही वर्षयता रक्तदान कार्यक्रम निरन्तर सञ्चालन हुँदै आएको पनि पौडेलले बताए ।

रक्तदान कार्यक्रममा यसपटक मुस्लिम समुदायको पनि उल्लेख्य सहभागिता रहेको थियो । रक्तदाताहरुलाई आयोजकका तर्फबाट प्रमाणपत्र वितरण गरिएको छ ।

सो अवसरमा ५० जना रक्तदाताहरुले रक्तदान गरेका छन् । प्रा.लि.का सञ्चालक पौडेलसहित राजेन्द्र ढकाल, सुनिल गुरुङ, कपिल लम्साल, पुष्प ओली, राजु सुवेदी, पदम वामा, शान्ति शाक्य, जनक अधिकारी, सोम बहादुर पूर्वाछानेलगायत कार्यालयका कर्मचारी, त्यस क्षेत्रमा कार्यालय सञ्चालन गरेका वैदेशिक रोजगार व्यवसायीहरु, बैदेशिक रोजगारमा जान आएकाहरु एवं स्थानीयले रक्तदान गरेका थिए ।

रगत अभावको पूर्ति गर्ने आधुनिक चिकित्सा प्रणालीमा अर्को विकल्प अहिलेसम्म पत्ता लागेको छैन । अचानक हुने सडक दुर्घटनाका घाइते, अत्यधिक रक्तस्राव भएका व्यक्ति, प्रसूति, मुटु, क्यान्सर तथा मिर्गौलाका बिरामीलाई रगत अभावको समस्या पर्ने गरेको भन्दै सञ्चालक पौडेलले समयमै रगत नपाए त्यस्ता बिरामीको ज्यानै जोखिममा पर्ने खतरा हुने गरेकाले रक्तदान कार्यक्रमलाई निरन्तरता दिइएको बताए ।

कुनै दीर्घरोग नभएका कम्तीमा १८ देखि ६० वर्षसम्मका ४५ किलोग्राम तौल भएका व्यक्तिले कम्तीमा तीन महिनाको फरकमा रगत दान गर्न सक्ने चिकित्सकहरू बताउँछन् ।

# सिंहदरबार वैद्यखानामा चार महिनापछि औषधि उत्पादन

**काठमाडौं/मस–** सिंहदरबार वैद्यखानामा चार महिनापछि औषधि उत्पादन शुरु भएको छ। चार महिनादेखि उत्पादन ठप्प रहेको सिंहदरबार वैद्यखाना विकास समितिमा त्रिफला बनाउन थालिएको हो।

धेरै रोगमा प्रयोग गर्न सकिने हर्रो, बर्रो र अमलाबाट बन्ने त्रिफला चूर्ण समितिको बिक्री कक्षमा सकिएको सात महिना पूरा भएको थियो।

गुणस्तरीय आयुर्वेदिक औषधि उत्पादन गरी बिक्री वितरण गर्न स्थापना भएको सो विकास समितिमा चार महिनादेखि अन्य सबै औषधि उत्पादन रोकिएको थियो। काम नभएपछि करिब ५० कर्मचारी दैनिक कार्यालय आई हाजिर गरेर फर्कने गरेकामा गत शुक्रबारदेखि फेरि उत्पादन शुरु भएपछि काम पाएका हुन्।

आयुर्वेदिक औषधि उत्पादन गर्ने यो समिति आफैँ उपचार गर्नुपर्ने अवस्थामा पुगेकामा कार्यालय प्रमुखका रुपमा निमित्त कार्यकारी निर्देशक परिवर्तन भएपछि उत्पादन सुरु भएको हो।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गत सोमबार कार्यालय प्रमुखका रुपमा निमित्त कार्यकारी निर्देशकमा डा.श्यामबाबु यादवलाई पठाएपछि उनको अग्रसरतामा शुक्रबारदेखि उत्पादन शुरु भएको हो।

औषधि उत्पादन गर्ने समितिमा कामै नभएका बेला पूर्वनिमित्त कार्यकारी निर्देशक डा.सबरी साहले भने ज्यालादारी कर्मचारी राखेको भन्दै स्थायी कर्मचारीले विरोध गर्दै आएका थिए। डा.साहले भने उत्पादन सुरु भएपछि धेरै कर्मचारी आवश्यक पर्ने जनाउँदै काम नभएको बेलामा पनि तलब खुवाएर राखेको दाबी गरेका थिए।




उत्पादन नभएपछि समितिको बिक्री कक्षमा अहिले च्यवनप्रासबाहेकका उत्पादन पाइँदैन। शुक्रबारदेखि उत्पादन सुरु भएको त्रिफला केही दिनदेखि समितिको बिक्री कक्ष एवं बजारमा समेत पठाइने जनाइएको छ। षडबिन्दु तेललगायत अन्य उत्पादन पनि केही दिनमै सुरु हुने भएको छ।

यसैबीच उत्पादन र बिक्री नभएपछि चार महिनादेखि समितिका कर्मचारीले तलब पनि पाएका थिएनन्। निमित्त कार्यकारी निर्देशक यादवले हाजिर भएको एक हप्तामा कर्मचारीलाई चार महिनाको तलब बैंक खातामा पठाएका छन्।

तलब नपाएपछि राजधानीमा डेरा लिएर बसेका कर्मचारी समस्यामा परेका थिए। व्यवस्थापनले समस्या समाधानका लागि काम नगरेको भन्दै कर्मचारीले दैनिक एक घण्टा निमित्त कार्यकारी निर्देशकको कार्यकक्षमा धर्ना दिँदै आएका थिए।

समितिमा उत्पादन घटेर कर्मचारीलाई तलब एवं अवकाश पाउनेले नियमानुसार पाउने उपदानका लागि पनि पैसा नहुने भएपछि कर्मचारीले २०७८ साउन २४ गतेदेखि अवकाश कोष खडा गर्न माग गर्दै दैनिक एक घण्टा धर्ना दिने गरेका छन्। अवकाश कोष खडा गर्न माग राखेर धर्नामा बसेको एक वर्ष हुन लाग्दासमेत माग पूरा भएको छैन।

समितिको बिक्री कक्षमा काम गर्नुहुने आदित्य ठाकुर छ महिनादेखि शिलाजित सकिएको बताउँछन्। बिक्री कक्षमा दैनिक २५ जना मानिस शिलाजित लिन आउँछन्। ग्याष्ट्रिकमा काम गर्ने अविपत्तिकर चूर्ण सकिएको चार महिना पूरा भयो। औषधि खोज्न आउनेलाई समितिले रित्तै फर्काउने गरेको छ। यस्ता धेरै औषधि सकिएको महिनौँ बिते पनि उत्पादनको वातावरण बनाउन समिति व्यवस्थापनले ध्यान दिएको छैन।

समितिमा २०६६ देखि २०७० को बीचमा डा सन्तोष ठाकुर कार्यकारी निर्देशक हुँदा शिलाजितको टेण्डर भएको थियो। त्यसपछि टेण्डर हुन नसक्दा अहिले अभाव भएको हो। त्यसबेला रु एक करोड शिलाजित ल्याइएको थियो। हालै तीन हजार किलोग्राम शिलाजित ल्याउन टेण्डर गरिएको छ।

विसं २०५१ को गठन आदेशअनुसार काम गर्दा समितिमा समस्या देखिएको थिएन। विसं २०७५ मा विकास समिति ऐनअन्तर्गत गठन भएका सबै समिति विघटनको निर्णय मन्त्रिपरिषद्ले गरेको थियो। त्यसबेला सिंहदरबार वैद्यखाना विकास समिति विघटन हुन पुग्यो। लामो वाद विवादपछि २०७७ सालमा आएको गठन आदेशमा पहिले जति व्यवस्था पनि नहुँदा समस्या आएको हो।

गठन आदेशमा ११ औं तहको कार्यकारी निर्देशक नियुक्त गर्ने व्यवस्था छ तर समितिको अध्यक्ष नै स्वास्थ्य मन्त्रालयका १० औं तहका कर्मचारी नियुक्त गरिँदा ११ औं तहका कार्यकारी निर्देशक आउन मानेका छैनन्। समितिमा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयका उपसचिव पदेन सदस्य रहने व्यवस्था हटाइएको छ। जसका कारण सरोकार भएका निकायका प्रतिनिधिको अनुपस्थितिमा काम गर्न अप्ठ्यारो हुने गरेको छ।

समिति सदस्यमा निजीस्तरका आयुर्वेदिक औषधि उत्पादनकर्ता र क्लिनिक सञ्चालकलाई राख्न थालेपछि पनि समस्या आउन थालेको हो। स्वार्थ बाझिने व्यक्तिलाई समिति सदस्य बनाउँदा कार्यालयको काम प्रभावित हुने गरेको कर्मचारीको गुनासो छ।

समितिको नाममा बैंक अफ काठमाडौं लुम्बिनीमा राखिएको रु एक करोड गायब भएको कर्मचारीबीच हल्लीखल्ली मच्चिएको छ। बैंकको मुद्दती खातामा राखिएको रकम कहाँ गयो भन्नेबारेमा जानकारी माग गरे पनि व्यवस्थापनले जवाफ दिएका छैनन्।

अवकाश कोषमा राख्ने भनिएको रु एक करोड एनआइसी एसिया बैंकमा स्थानान्तरण गरी गायब बनाइएको कर्मचारीको गुनासो छ।

# बाँकेमा रक्ततत्व निर्माण सम्बन्धि कार्यशाला



**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, २० असार

बाँकेमा रगत तथा रक्ततत्व निर्माण सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न भएको छ। सोमबार नेपाल रेडक्रस सोसाइटी बाँके शाखाको आयोजनामा कार्यशाला गोष्ठी सम्पन्न भएको हो।

हालसम्म रगतको वैकल्पिक व्यवस्था नरहेको तर एक युनिट रगतबाट आवश्यकता अनुसार विभिन्न प्रकारको रक्ततत्व निर्माण गर्न सकिने चिकित्सकले बताएका छन्। उक्त सेवा नेपाल रेडक्रस सोसाइटी बाँके शाखाद्वारा सञ्चालित प्रादेशिक रक्तसंचार सेवा नेपालगन्जमा उपलब्ध रहेको रेडक्रसले जनाएको छ।

गोष्ठीको सहजीकरण गर्दै भेरी अस्पतालका वरिष्ठ फिजिसियन डा. राजन पाण्डेले इमरजेन्सी बाहेक सामान्य अवस्थामा रगत चढाउनु पर्दैन। बिरामीको अवस्था हेरी शरीरले आफै रगतको पूर्ति गर्न सक्ने अवस्था भएकोले त्यसतर्फ ध्यान दिन चिकित्सकहरुलाई अनुरोध गरेका थिए।

नेपाल रेडक्रस सोसाइटी बाँके शाखाका सभापति गोवर्धन सिंह सम्झनाले चिकित्सा पद्धतीमा रक्तसंचार सेवा एउटा महत्वपूर्ण कार्य हो।

नेपालको जनसंख्या मध्ये २ प्रतिशतले मात्र रक्तदान गरेमा रगतको आपूर्ति व्यवस्था सहज हुने बताए। उक्त सेवा सफल गर्न स्वयंसेवी रक्तदाता, सरकारी तथा गैरसरकारी संघ संस्थाहरुलाई उनले अनुरोध गरेका छन्।

बाँके जिल्लामा २०३३ सालमा रक्तसंचार सेवा स्थापना भएको हो। स्थापना कालदेखि हालसम्म २ लाख ३९ हजार ७ सय ४६ पिन्ट रगत वितरण गरिएको गोष्ठीमा जानकारी दिइएको थियो। बाँकेको रक्तसंचार सेवाबाट लुम्बिनी, कर्णाली र सुदुरपश्चिमका विरामी तथा घाइतेलाई सेवा दिँदै आएको कुरा रक्तसंचार सेवा नेपालगंज प्रमुख उपेन्द्र रेग्मीले बताए।

नेपाल रेडक्रस सोसाइटी बाँके शाखाका सभापति गोवर्धन सिंहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कोषाध्यक्ष राकेशबहादुर श्रीवास्तव, उपनिर्देशक दोलखबहादुर डाँगी, भेरी अस्पतालका नि.मेडिकल सुपरिटेन्ड बद्री चापागाई, सुशिल कोइराला क्यान्सर अस्पतालका प्रमुख कृष्ण अर्चाय लगायतले विचार राखेका थिए।

गोष्ठीको सहजीकरण भेरी अस्पतालका वरिष्ठ फिजिसियन डा.राजन पाण्डे र नेपाल रेडक्रस सोसाइटी बाँके, प्रादेशिक रक्तसंचार सेवाका बरिष्ठ प्राविधिक अधिकृत उपेन्द्र रेग्मीले गरेका थिए। कार्यक्रम संचालन नेरेसो बाँकेका लेखा अधिकृत झवीलाल शर्माले गरेका थिए।

# चिकित्सा शिक्षामा तोकिएभन्दा बढी शुल्क लिए कारबाही



**काठमाडौं/मस–** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले चिकित्सा शिक्षा सञ्चालन गर्ने कलेजले तोकेकोभन्दा बढी शुल्क लिएको प्रमाणित भएमा कारबाही गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन्।

प्रतिनिधिसभाको सोमबारको बैठकमा मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ माथिको छलफलमा जवाफ दिँदै मन्त्री पौडेलले त्यसरी कानूनविपरीत शुल्क लिने संस्था र व्यक्तिहरुबारे जानकारी भए अवगत गराउन सांसद्हरुलाई आग्रह गरे। मन्त्री पौडेलले चिकित्सा शिक्षासम्बन्धी सबै विषय चिकित्सा शिक्षा आयोगले हेर्ने भएको र विश्वविद्यालयका हकमा सम्बन्धित विश्वविद्यालयको कार्यकारीले निर्णय गर्ने स्पष्ट गरे।

उनले विश्वविद्यालयमा तालाबन्दी र हड्ताल गर्ने कार्य गलत भएको र कुनै समस्या भएमा आपसी सम्वादबाट समाधान गर्नुपर्ने सांसद्हरुको भनाइमा सहमत हुँदै विश्वविद्यालयको पढाइ र शैक्षिक क्यालेण्डरलाई प्रभावित पार्न नहुने जनाए।

बैठकले मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक, २०७६ पारित गरेको छ। शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदनसहितको संशोधनलाई सभाले सर्वसम्मतिले पारित गरेको हो।

## आफैँलाई गोली हानी सुरक्षाकर्मीद्वारा आत्महत्या

**काठमाडौं/मस–** काठमाडौंको लैनचौरस्थित भारतीय दूतावासमा सोमबार गोली चलेको छ। दूतावास स्रोतका अनुसार सोमबार बिहान एक सुरक्षाकर्मीले आफैंलाई गोली हानेको र उनको मृत्यु भएको हो। मृत्यु हुनेमा दीपक सिंह नाम गरेका भारतीय सुरक्षाकर्मी रहेका छन्।

घटना भारतीय पक्षले आफैं छानविन गर्ने भएको छ। मृतकको शव पोर्टमार्टमका लागि त्रिवि शिक्षण अस्पतालमा राखिएको छ।

**अधिकृत वारेसनामा बदर सम्बन्धी सूचना**

श्री काठमाडौं जिल्ला अदालतबाट मिति २०७९/०३/१७ गते पारित भएको दिने संगम राई र लिने नवीन न्यौपाने भएको अ.वा.नं. २५४८ को अधिकृत वारेस मुलुकी देवानी संहियता २०७४ को दफा १५५ (ग) बमोजिम बदर गरिएको सूचना प्रकाशित भएको ब्यहोरा सर्वसाधारण सबैमा अनुरोध छ।

**संगम राई इती सम्बत् २०७९ साल असार २१ गते रोज–३ सुभम्।**
**फो नं. ९८५११९१११९**

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

१. कम्पनी: QUALITY HERO CORPORATION SDN BHD — शहर: Malaysia
पूर्व स्वीकृत मिति: २०७६/११/१२ — चलानी नं.: ६०१५२२८२ — LT. No.:233913 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 28 | 0 | स. काममा दक्ष | 1200 | ३४,३५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असार २८ गते (12 July 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– रोजगारदाताले तिर्ने | रु. १,५००/– रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Govt. Lic No.:417/060/061
PARAMOUNT
**Paramount Employment Consultant Pvt. Ltd.**
P.O.Box: 24009, Balkumari, Lalitpur, Tel.: 01-5186269, 5186052
Email: info@paramount-consultant.com | Web: www.paramountconsultant.com

# आत्मनिर्भर बनाउन तालिम

**अजय मिश्र/मध्यान्ह**
कृष्णनगर, २० असार



कपिलवस्तुको कृष्णनगर नगरपालिका वडा नं ६ मा झोला तथा जुत्ता चप्पल बनाउने १५ दिने तालिम सम्पन्न भएको छ।

'सीप सिकौं, आत्मनिर्भर बनौं' भन्ने मूल नाराका साथ

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत कृष्णनगर नगरपालिकाको आयोजना तथा नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सहयोगमा तालिम सञ्चालन गरिएको हो। तालिमको सोमबार एक समारोहकाबीच समापन गरिएको छ।

कृष्णनगर नगरपालिका वडा नं ६ का वडाध्यक्ष जाबेद आलम खाको अध्यक्षतामा भएको समापन कार्यक्रममा वडा सचिव अनवार अहमद खां लगायतको उपस्थिति रहेको थियो। झोला बनाउने तालिममा १६ जनाको सहभागिता रहेको थियो भने उनीहरुलाई प्रतिव्यक्ति मेसिन समेत हस्तान्तरण गरिएको छ।

यस्तै जुत्ता चप्पल बनाउने पन्ध्र दिने तालिममा १६ जनाको सहभागिता रहेको थियो। उनीहरुलाई ४ वटा मेसिन हस्तान्तरण गरिएको छ।

झोला बनाउने तालिमको प्रशिक्षकमा कमला राना तथा जुत्ता चप्पल बनाउने तालिमको प्रशिक्षकमा ज्योति पुन रहेका थिए। झोला तथा जुत्ता चप्पल बनाउने पन्ध्र दिने तालिम समापनसहित प्रविधि हस्तान्तरण कार्यक्रममा कार्यक्रम संचालन विनिता केसीले गरेकी थिइन्। समापन कार्यक्रमको अन्य व्यवस्थापनको भूमिका भने चेतना बुढाथोकीले गरेका थिए।

Karnali Provincial Government
Ministry of Physical Infrastructure and Urban Development
Infrastructure Development Directorate

**Infrastructure Development Office**
Dailekh,Nepal

**Letter of Intent**

**Date of Publication: 2079/03/21 (5 July 2022)**

This is to notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders, successful in bids under PPMO's E-Procurement portal, **IFB No: 04-2078/079** published in National Newspaper on **2079/01/23 (6th May 2022)** that the **"Letter of Intent"** has been issued in favor of following bidders who are substantially responsive lowest evaluated bidders fulfilling all the Qualification Criteria.

| S. N. | Contract ID. Number/ Name of the Projects | Substantially Responsive Bidders Name & Address | Bid Amount Including VAT & PS (NPR) |
|---|---|---|---|
| 1 | **IDO/DAILEKH/W/NCB/41/078/079** Construction of Narayan Nagarpalika Ring Road | M/S Shyam and Shankar-Jwala Panchakoshi JV, Birendranagar, Surkhet | 121,583,149.28 |
| 2 | **IDO/DAILEKH/W/NCB/42/078/079** Construction of Tarraghat Kharigaira Gaidabaz Raniban Takuri Khasikadh Road | M/S Pantha-Akriti JV, Resunga-08,Gulmi | 161,488,948.97 |
| 3 | **IDO/DAILEKH/W/NCB/43/078/079** , Construction of Shreesthan Dadimadi Chamunda Rakam Road | M/S Pantha-Akriti JV, Resunga-08,Gulmi | 130,688,374.71 |
| 4 | **IDO/DAILEKH/W/NCB/46/078/079** Construction of Santada Meheltoli Patihalna Jajarkot Road (Sahid Mayaram Marga ) | M/S Nana Construction Pvt .Ltd, Neelkantha-05, Dhading | 280,780,336.00 |

**Acting Office Chief**

मध्यान्ह
www.madhyanhadaily.com
२१ असार २०७९, मंगलबार
5 July 2022, Tuesday

सम्पादकीय

## मार्ग प्रशस्त गर्नमा ढिलाइ

